राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक २७ | २०८२ साउन ३० गते शुक्रबार (15 Aug. 2025) | पृष्ठ ४ | मूल्य रु. ३।-

## मुख्यमन्त्री सिंहसँग भारतीय प्रतिनिधिमण्डलको भेट



दैनिक समाचारदाता

जनकपुरधाम, २९ साउन । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहसँग भारतको जल शक्ति मन्त्रालयको तीन सदस्यीय प्रतिनिधिमण्डलले आज बिहान भेटेर मधेशमा विद्यमान खानेपानीको समस्या समाधानका निम्ति सुझाव दिएको छ । भूमिगत जल तथा त्यसको उपयोगका सम्बन्धमा टोलीले सुझाव दिएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ । भारतीय प्राविधिकको टोलीले निकट भविष्यमा मधेश प्रदेशका विभिन्न भागमा भूमिगत जलको उपलब्धको अध्ययन गर्ने जनाइएको छ ।

# विपद्रु प्रतिकार्य सबैको साझा दायित्व हो : मन्त्री लेखी

दैनिक समाचारदाता

जनकपुरधाम, २९ साउन । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले विपद्बाट नागरिकलाई जोगाउन सबैले आफ्नो साझा दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको छ। गृह, सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेशले बिहीबार जनकपुरधाममा आयोजना गरेको 'विपद्रु ( सुख्खा) संकटग्रस्त प्रतिकार्य कार्ययोजना तर्जुमा कार्यक्रम'लाई सम्बोधन गर्दै उहाँले हालको पानीको कारण तत्कालका लागि खानेपानी र सिँचाइको समस्या समाधान भए पनि भविष्यमा यस्तै समस्या दोहोरिन सक्ने बताउनुभयो।



त्यसैले प्रदेश सरकारले समयमै प्रतिकार्य कार्ययोजना तर्जुमा गर्न लागेको उहाँको भनाइ थियो।

मन्त्री लेखीले विपद्रु व्यवस्थापनमा विकास साझेदार संघ-संस्थाले गरेको सहयोग प्रशंसनीय रहेको उल्लेख गर्दै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा व्यक्त गर्नुभयो। उहाँले भने, "कतिपय काम हामी आफ्नै स्रोतबाट गर्न सक्छौं। तर, दायित्व छाडेर अरुको भरमा निर्भर रहँदा धेरैजसो समस्या देखा पर्छन्।"

उहाँका अनुसार नहर र कुलोको सरसफाइजस्ता कार्य स्थानीय स्रोत-साधनबाट सम्पन्न गर्न सकिने भए पनि यस्ता साना कामका लागि समेत सरकारको सहयोग मात्र अपेक्षा गर्ने प्रवृत्ति बढेको छ। कार्यक्रममा अन्य वक्ताले जमिनमुनि पानी त निकाल्ने तर पुनर्भरणको काम नगर्ने प्रवृत्तिका कारण समस्या चर्किएको भन्दै चुरे-भावर क्षेत्रमा पानी पुनर्भरणका पहल नगरी दीर्घकालीन समाधान सम्भव नभएको धारणा राखे।

सो कार्यक्रममा मन्त्रालयका सचिव विमलप्रसाद बरालले चारवटा क्लस्टरले तयार पारेको प्रतिकार्य कार्ययोजना सम्बन्धी प्रारम्भिक मस्यौदामाथि छलफल गर्दै आवश्यक सुझाव संकलन गर्नुभएको थियो।

## प्रदेश लोक सेवा आयोगको दोहोरो नीतिले बढुवामा समस्या

दैनिक समाचारदाता

जनकपुरधाम, २९ साउन । मधेश प्रदेश लोक सेवा आयोगको दोहोरो नीतिका कारण दशौं तह ( उपसचिवस्तर) का कर्मचारी बढुवामा समस्यामा परेका छन् भन्ने आरोप लागेको छ।




नेपाल सरकारको संघीय संरचनाअन्तर्गत संघबाट प्रदेशमा आएका कर्मचारीलाई बढुवाका लागि सेवाकालीन तालिम आवश्यक नरहेको कुरा प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा नं. १२५ मा स्पष्ट रूपमा उल्लेख छ। सो ऐनमा संघबाट समायोजन भएर आएका कर्मचारीलाई संघीय सरकारद्वारा दिइने सेवा(सुविधा सरह प्रदेश सरकारले दिने व्यवस्था गरिएको छ। संघीय निजामती सेवा ऐनमा पनि स्वास्थ्यतर्फका कर्मचारीलाई बढुवाका लागि सेवाकालीन तालिम आवश्यक नरहेको स्पष्ट प्रावधान छ।

तर, मधेश प्रदेश लोक सेवा आयोगले भने संघबाट समायोजन भएर आएका कर्मचारीलाई सेवाकालीन तालिम नभएसम्म बढुवा नहुने प्रावधान राखेपछि दशौं तहबाट एघारौं तहमा बढुवा हुने कर्मचारी समस्यामा परेका छन्।

यस विषयमा पीडित दशौं तहका वरिष्ठ स्वास्थ्य प्रशासक नवलकिशोर झाले भन्नुभयो, "हामी संघबाट आएका कर्मचारीलाई सेवाकालीन तालिम आवश्यक नरहेको कुरा मधेश प्रदेशको निजामती सेवा ऐनमै उल्लेख छ। तर सो प्रावधान विपरीत तालिमको शर्त राखेर बढुवामा रोक लगाउनु न्यायसंगत छैन।"

उनका अनुसार, आफूले यस विषयमा प्रदेश लोक सेवा आयोगमा उजुरी दर्ता गराएर सेवाकालीन तालिमको शर्त हटाउन र बढुवाको प्रक्रिया अगाडि बढाउन माग गरेको छ। सेवाकालीन तालिमको शर्तका कारण संघबाट समायोजन भएर आएका धेरै कर्मचारी समस्या भोगिरहेका अन्य कर्मचारीहरूले पनि गुनासो गरेका छन्। यसअघि मधेश प्रदेश लोक सेवा आयोगले सेवाकालीन तालिम नभएका छैटौं तहदेखि एघारौं तहसम्मका करिब दुई दर्जन कर्मचारीलाई बढुवा गरेको मधेश प्रदेश स्वास्थ्य मन्त्रालयका कर्मचारीहरूले बताएका छन्।

उच्च अदालत जनकपुरले पनि यसअघि संघबाट समायोजन भएर आएका कर्मचारीलाई सेवाकालीन तालिम आवश्यक नरहेको आदेश दिएको नजीर रहेको डा. नवलकिशोर झाले स्मरण गर्नुभयो।

उहाँका अनुसार, प्रदेश लोक सेवा आयोगले आफ्नो उजुरीको न्यायोचित सुनुवाइ नगरे उच्च अदालत जनकपुरमा मुद्दा दायर गर्ने तयारीमा आफू रहेको जनाइएको छ।

## बागमतीका मेयर थापालाई ८ वर्ष कैद र १० करोड जरिबाना

दैनिक समाचारदाता


काठमाडौं, २९ साउन । विशेष अदालतले सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरत थापाले भरत ताल निर्माणका क्रममा भ्रष्टाचार गरेको ठहर गर्दै ८ वर्ष कैद र १० करोड रुपैयाँ जरिबानाको निर्धारण गरेको छ ।

२१ साउनमा विशेष अदालतले प्रतिवादीहरू थापा, विमलकुमार पोखरेल र सागर पौडेलले नदीजन्य पदार्थमा हानी नोक्सानी गरेको ठहर गरेको थियो ।

विशेष अदालतले बिहीबार थापा, पोखरेल र पौडेललाई ८ वर्ष कैद र जनही १० करोड जरिबाना निर्धारण गरेको हो।

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (३) बमोजिम तीनै जना प्रतिवादीहरूले जनही ४० लाख ३९ हजार १३१ रुपैयाँ क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा दाखिला गर्नुपर्ने भनिएको छ ।

**अब अनलाइनबाट बुकिङ्को सुविधा**




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## जसपा र राष्ट्रिय मुक्ति पार्टीबीच कार्यगत एकता घोषणा

दैनिक समाचारदाता

काठमाडौं, २९ साउन । जनता समाजवादी पार्टी र राष्ट्रिय मुक्ति पार्टी, नेपालबीच कार्यगत एकता भएको छ । यी दुई दलले यो एकतालाई एकता उन्मुख कार्यगत एकता रहेको बताएका छन् ।

बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रमबीच जसपा अध्यक्ष अशोक राई र राष्ट्रिय मुक्ति पार्टी,



बाँकी पृष्ठ ४मा



## सम्पादकीय

# मल अभाव: २० वर्षको रोग नीति र तयारीको असफलता

धान पोटाउने बेला बाँकेका किसान लालबहादुर खत्रीजस्ता कृषक घाम-पानीमा खेत धाउँदै, सहकारीको लाइनमा घण्टौं बस्दै, हातमा दुई-चार किलो युरिया मल लिएर घर फर्कन बाध्य छन्। देशका सयौं किसानको हाल यस्तै छ–खेतमा सुनसान मलको थैलो, आँखामा चिन्ता, र कानमा सरकारको 'छिट्टै समाधान हुन्छ' भन्ने खोक्रो आश्वासन।

यो वर्ष त भारतको सीमा नाकामा सुरक्षा कडाइका कारण निजी स्तरबाट मल ल्याउने बाटो पनि बन्द भयो। तर, समस्या यति मात्र होइन–अभावमा कृत्रिम अभाव सिर्जना गर्ने व्यापारीको खेल, ढिलो सार्वजनिक खरिद प्रक्रिया, गोदाममा थुप्रिएको मल किसानको हातसम्म नपुग्ने सरकारी अकर्मण्यता–यी सबै कारण किसानको पसिना सुकिरहेको छ।

प्रधानमन्त्रीले सिंहदरबारमा मन्त्रीदेखि अधिकारीसम्मलाई सोधेका प्रश्न–"मल आपूर्ति गर्न बनेको संस्था हो, तर किसानको खेतमा पुग्दैन भने किन चुप लागेर बस्ने?"–ठिकै हो। तर प्रश्न मात्र गरेर समस्या हल हुँदैन। समस्या जरा गाडेर बसेको छ–नीतिगत अस्थिरता र दीर्घकालीन समाधानको अभावमा।

सरकारी तथ्याङ्क नै आपसमा मेल खाँदैनन्। प्रधानमन्त्रीले मौज्दात २८ हजार ८२४ मेट्रिक टन भएको भन्नुहुन्छ, तर सोही स्रोतका अन्य विवरण जोड्दा यो ४२ हजार टनभन्दा बढी हुन्छ। यति ठूलो संख्यामा मौज्दात देखिँदा पनि बाँकेजस्ता कृषिप्रधान जिल्लामा ६ हजार मेट्रिक टन चाहिने ठाउँमा १५९८ टन मात्र वितरण हुनु सरकारको असफलताबाहेक के हो?

यो समस्या नयाँ होइन। कृषि विज्ञका शब्दमा–यो २० वर्षदेखिको पुरानो रोग हो। हरेक वर्ष मल कारखाना खोल्ने घोषणा हुने तर व्यवहारमा एउटा इँटा पनि नचढ्ने। बजेट अपर्याप्त, कार्ययोजना अस्पष्ट, रासायनिक मलमाथिको पूर्ण निर्भरता–यी नै अभावका मूल कारण हुन्। विकल्पको तयारी, जैविक मलको प्रवर्द्धन, र बजार व्यवस्थापनका कुरा कागजमै सीमित छन्।

अहिले कृषि मन्त्रालयले नयाँ कार्यविधि ल्याएर मल तोकिएको समयसीमा भित्र उठाउनुपर्ने प्रावधान गरेको छ। सुनिनमा राम्रो लाग्ने यो व्यवस्था पनि 'प्रावधान मात्र' बन्ने हो कि भन्ने शंका किसानमा यथावत् छ।

सरकारका लागि यो समय 'आगामी वर्ष मल समयमै पुर्‍याउने' आश्वासन दिने होइन, दशकौंको रोगको उपचार गर्ने हो। मल आपूर्ति प्रणालीलाई पारदर्शी, विकेन्द्रीकृत र किसानमैत्री बनाउन, दीर्घकालीन योजना र स्थानीय उत्पादन क्षमता बढाउन तत्काल कदम चाल्नुपर्छ।

कृषि राष्ट्रको मेरुदण्ड हो भने किसानलाई मलको लागि लाइनमा उभ्याउनु, पसिनालाई अभावको बोझले सुकाउनु, राष्ट्रको मेरुदण्ड नै भाँच्ने जस्तो हो।

# आर्थिक सूचक सुधारिए, बजार सुध्रेन


डा. गणेशप्रसाद खनाल

जीडीपी र प्रतिव्यक्ति आयलाई छोडेर अन्य सूचकहरूलाई हेर्दा देशको समग्र बृहत् अर्थतन्त्रका सूचक राम्रो नै मान्न सक्ने आधार छ । नेपालमा औसत मुद्रास्फीति ४.२४ प्रतिशत कायम रहनु आफैंमा अर्थतन्त्रका लागि सकारात्मक सूचक हो ।

विशेषत: जब पछिल्लो ६-७ महिनाको अवधिमा मुद्रास्फीति दर ३ प्रतिशत हाराहारीमा सीमित रहेको छ । हालको वैश्विक आर्थिक अस्थिरता, आपूर्ति शृङ्खलामा चुनौती र मूल्यवृद्धिको दबाब बीच नेपालमा यस्तो स्थिर मुद्रास्फीति दर कायम रहनु तुलनात्मक रूपमा उल्लेखनीय मानिन्छ। यसबाहेक, भुक्तानी सन्तुलनमा पनि ४९१ अर्ब ४४ करोड रुपैयाँको बचत देखिनु थप सकारात्मक संकेत हो, जसले बाह्य क्षेत्रको स्थायित्वलाई पुष्टि गर्छ ।

मौद्रिक नीति २०८२/८३ अनुसार, नेपालको वैदेशिक मुद्रा सञ्चिति २५ खर्ब ६९ अर्ब रूपैयाँ पुगेको छ, जुन सञ्चितिले १४ महिना भन्दा बढी समयसम्मको वस्तु तथा सेवा आयात धान्न सक्ने क्षमता राख्छ । नेपालको सन्दर्भमा सामान्यत: ७ महिनासम्मको आयात धान्न सक्ने सञ्चिति पर्याप्त मानिन्छ । त्यसैले यो स्तरको सञ्चिति अत्यधिक मानिन्छ ।

यद्यपि वैदेशिक मुद्रा सञ्चिति उच्च हुनु आफैंमा खराब मानिने पक्ष होइन, नेपाल जस्तो आयातमुखी र उपभोगप्रधान अर्थतन्त्रमा अत्यधिक सञ्चिति दीर्घकालीन दृष्टिकोणले चुनौतीपूर्ण हुन सक्छ । अत्यधिक सञ्चिति हुनु भनेको देशभित्र पर्याप्त आयात घटेको, विदेशी लगानीको प्रवाह कमजोर भएको वा उपभोग र उत्पादन गतिविधि सुस्त भएको सङ्केत हुन सक्छ । साथै, वैदेशिक मुद्राको निष्क्रिय सञ्चयले अर्थतन्त्रमा तरलता सृजना नहुने, निजी क्षेत्रको लगानी नबढ्ने र रोजगारी सिर्जनामा असर पार्ने सम्भावना रहन्छ । यस्तो अवस्थामा अर्थतन्त्र चलायमान हुन नसक्ने जोखिम रहन्छ, जुन समग्र आर्थिक वृद्धिका लागि बाधक हुन सक्छ ।

त्यसैले उच्च सञ्चिति सन्तुलन सहितको आयात, उत्पादन, लगानी र उपभोगसँग जोडिनु आवश्यक हुन्छ, नत्र यसले अर्थतन्त्रलाई निष्क्रिय बनाउने खतरा पैदा गर्छ । २०८२ जेठमा क, ख र ग वर्गका बैंकहरूको औसत भारित ब्याजदर क्रमश: ७.९९, ९.४४ र १०.२२ प्रतिशतमा झरेको छ, जुन अघिल्लो वर्ष यही अवधीमा क्रमश १०.१५, ११.६३ र १२.८५ प्रतिशत कायम रहेको थियो ।

मौद्रिक नीतिमा पछिल्ला तीन वर्षमा गरिएको लचकता र बजारमुखी सुधारहरूको प्रभावस्वरूप यस्तो गिरावट सम्भव भएको देखिन्छ । नेपालको इतिहासमै उच्चतम विप्रेषण प्रवाह भएको छ। प्रशस्त तरलता र बैंकहरूको लगानी क्षमतामा ७ खर्ब रुपैयाँभन्दा बढी सम्भावना हुँदाहुँदै पनि कर्जा प्रवाह अपेक्षाकृत वृद्धि हुनसकेको छैन। हालको प्रमुख आर्थिक समस्या कर्जा प्रवाहमा देखिएको छ। बजार चलायमान नहुनुका कारण व्यवसायीहरू आफैं कर्जा लिएर व्यवसाय सञ्चालन गर्न हिच्किचाइरहेका छन् भने वित्तीय संस्थाहरू पनि उपलब्ध कर्जा असुली गर्न नसक्ने स्थितिमा पुगेका छन् । नतिजास्वरूप, निष्क्रिय कर्जा (ल्यल-एभचायकष्लन ियबल- लए) को दर करिब ५ प्रतिशतसम्म पुगेको छ, जुन स्पष्ट रूपमा वित्तीय स्थायित्वका लागि जोखिमपूर्ण संकेत हो । यसबाहेक, जग्गा र शेयर बजार सुस्त रहँदा धितोको मूल्यांकनमै समस्या देखिएको छ, जसले बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा प्रवाहमा झनै सतर्क बनाएको छ। यस्तो दोहोरो दबाबको कारण कर्जा प्रवाह संकुचित हुँदै गएको छ, जसले निजी लगानी, रोजगारी र समग्र आर्थिक गतिशीलतालाई नकारात्मक असर पुर्‍याइरहेको छ ।

माथिको चित्रबाट स्पष्ट हुन्छ कि पछिल्ला तीन वर्षमा नेपाल सरकारले मौद्रिक नीति मार्फत बैंक दर, नीतिगत दर (Policy Rate) तथा न्यूनतम जगेडा दर (CRR) लगायत मौद्रिक नीतिका औजारहरूलाई अत्यन्त लचक बनाउँदै आएको देखिन्छ, जुन अर्थतन्त्र लयमा फर्काउने सरकारको प्रयासलाई संकेत गर्छ ।

यस अवधिमा मुद्रास्फीति दर समेत घट्दो क्रममा रहेको छ, जसले समष्टिगत रूपमा देशको अर्थतन्त्रमा सुधारको सम्भावना देखाएको छ । तर यस्तो सकारात्मक मौद्रिक वातावरणका बाबजुद पनि बजार चलायमान हुनसकेको छैन, लगानी प्रवाहमा अपेक्षित वृद्धि देखिएको छैन, युवामा उद्यमशीलताको आकर्षण र विश्वास निर्माण हुनसकेको छैन, र कर्जा प्रवाह समेत कमजोर बन्दै गएको छ ।

यसले स्पष्ट गर्छ कि मौद्रिक नीतिको लचकताले मात्र अर्थतन्त्रलाई गतिशील बनाउन पर्याप्त हुँदैन; यससँगै संरचनात्मक सुधार, संस्थागत विश्वास, लगानीमैत्री वातावरण र उद्यमशीलता प्रवर्धन गर्ने नीति तथा कार्यक्रमको समेत आवश्यकता रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा पनि मौद्रिक नीतिलाई अत्यधिक लचक बनाउँदै अर्थतन्त्रलाई चलायमान बनाउने प्रयास गरिएको देखिन्छ । बैंक दर, नीतिगत दर र निक्षेपको न्यूनतम जगेडा दर क्रमश: ६.६, ५.० र ३.० प्रतिशतबाट घटाएर ६.०, ४.५ र २.७५ प्रतिशत कायम गरिएको छ, जुन नेपालको मौद्रिक इतिहासमै एक प्रकारको चरम लचकता हो । यसले कर्जाको ब्याजदर त सस्तो भएर ७/८ प्रतिशतको दरमा रहला तर यस्तो अवस्थामा अब बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा न्यूनतम २.७५ प्रतिशत ब्याजदर मात्र दिने छन्, जसको प्रभाव प्रत्यक्ष रूपमा निक्षेपकर्तामाथि पर्नेछ ।

निक्षेपको ब्याजदर घट्नुको अर्थ हो– बैंकमा पैसा राख्नु स्वयं घाटाको कारोबार हुँदै जानु किनभने मुद्राको अवमूल्यन भन्दा निक्षेपमा प्राप्त ब्याजदर कम हुँदा वास्तविक ब्याजदर ऋणात्मक हुन पुग्छ, जुन दीर्घकालीन रूपमा बैंकिङ प्रणालीका लागि स्वस्थ संकेत होइन। अहिले वाणिज्य बैंकहरूले मुद्दती निक्षेपमा ४ प्रतिशतभन्दा हाराहारीमा ब्याजदर दिन थालेका छन्, जुन अवस्था केही वर्षअघिसम्म १० प्रतिशतभन्दा माथि थियो। यदि यस्तो अवस्था दीर्घकालसम्म कायम रह्यो भने जनसाधारण बैंकमा पैसा राख्नबाट हतोत्साहित हुन सक्छन्, जसले औपचारिक बैंकिङ प्रणालीको साखमा असर पार्न सक्छ ।

अझ गम्भीर कुरा के हो भने, यसले अनौपचारिक अर्थतन्त्रलाई मौलाउने मौका दिन सक्छ। हाल बैंकिङ प्रणालीमा प्रशस्त तरलता भए पनि यदि आम नागरिकले बैंकमा पैसा राखेर ब्याज आर्जन गर्न नसक्ने ठाने भने दीर्घकालमा यो प्रवृत्ति अर्थतन्त्रका लागि खतरनाक बन्न सक्छ। आखिर, २.७५ प्रतिशत ब्याजदरमा ५ प्रतिशत मुद्रास्फीतिबाट 'नकारात्मक बचत' गर्ने सोच कोसँग रहला र ? जसले गर्दा निक्षेपकर्ताले अन्य विकल्प खोज्न सक्छन् ।

माथि उल्लेख गरे अनुसारका यति धेरै लगानीको वातावरण हुँदाहुँदै पनि यसको जड मूलत: विकासमा विश्वासको अभाव हो। व्यवसाय गर्ने वातावरणप्रति आम मानिस र विशेषत: युवाहरूमा भरोसा कायम हुनसकेको छैन । साना व्यवसायहरू बन्द हुने दर बढ्दो छ, अधिकांश जिल्लामा दर्ताभन्दा व्यवसाय बन्द गर्नेको संख्या बढी छ, घरजग्गा कारोबार लगभग ठप्प छ, र शेयर बजार केही सुधारिए जस्तो देखिए पनि धेरै कम्पनीको आधारभूत अवस्था कमजोर छ जसले गर्दा शेयर बजार दीर्घकालीन रूपमा अगाडि बढ्ला भन्ने संकेत देखिंदैन ।

यस्तै परिस्थिति बीच हरेक वर्ष झन्डै ८ लाख युवा देशमा अवसर नदेखेर विदेश पलायन हुनु; लगानीको वातावरण कति संकटपूर्ण छ भन्ने संकेत हो । वास्तवमा, मौद्रिक नीतिको लचकता, घट्दो ब्याजदर र अधिक तरलता जस्ता सकारात्मक संकेतहरू पनि त्यतिबेला मात्र प्रभावकारी हुन्छन्, जब युवा र निजी क्षेत्रका लगानीकर्ताहरूमा देशको आर्थिक भविष्यप्रति भरोसा कायम हुन्छ । यस्तो विश्वास निर्माणका लागि दीर्घकालीन नीतिगत स्थायित्व, लगानीमैत्री संरचना, स्थानीय तहको सक्रियता र स्पष्ट कार्ययोजना अपरिहार्य छन् ।

जब राज्यले लचकदार मौद्रिक नीति, ब्याजदरको समायोजन र बजेटीय कार्यक्रम मार्फत निजी क्षेत्रलाई उत्प्रेरित गरिरहे तापनि सुधारको संकेत देखिंदैन भने, अब हरेक स्थानीय सरकारले आफ्नो तुलनात्मक लाभ पहिचान गर्दै स्थानीय उद्यमी तथा समुदायसँग सहकार्यमा उत्पादनमुखी उद्योग स्थापना गर्नुको विकल्प छैन ।

निजी क्षेत्र र युवा जमातले जबसम्म देशमा सम्भावना र स्थायित्व देख्दैनन्, केवल मौद्रिक औजारको प्रयोगले आर्थिक गतिशीलता सम्भव हुँदैन । हरेक वर्ष दोहोरिएका वार्षिक नीति, अनुदान र कार्यक्रमहरूका बाबजुद पनि जब आर्थिक वातावरण निर्माण हुन सकेन भने, अब गाउँ-गाउँबाट रोजगारी र उद्यमशीलता प्रवर्धन गरिने स्थानीय उद्योग मार्फत नयाँ मार्ग खोल्नु आवश्यक छ, जसको लागि स्थानीय सरकार राजनीतिक तथा स्रोतगत दृष्टिले पर्याप्त रूपले सक्षम छन् भने प्रदेश र केन्द्र सरकारले वातावरण निर्माण गर्नुपर्छ ।

अहिलेको वास्तविक चुनौती आर्थिक सूचक सुधार्ने मात्र नभई जनताको मनोविज्ञानमा आशा र भरोसाको वातावरण निर्माण गर्दै देशभर व्यावसायिक सोच र संस्कृतिको पुनर्स्थापना गर्नु हो । अनलाइनखबरडटकमबाट

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ‘एआई नीति, २०८२’ स्वीकृत गर्ने सरकारको निर्णय

काठमाडौँ, २९ साउन । सरकारले ‘राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति, २०८२’ स्वीकृत गर्ने निर्णय गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पेस गरेको उक्त निर्णयलाई साउन २६ गते बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्तासमेत रहनुभएको सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले आज मन्त्रालयमा पत्रकार सम्मेलनमार्फत ‘एआई नीति, २०८२’ स्वीकृत गर्ने निर्णय सार्वजनिक गर्नुभएको हो । राष्ट्रिय समाचार समिति (रासस) को रिक्त महाप्रबन्धक पदमा पाँचथरका सन्दिप राईलाई नियुक्त गर्ने सरकारको निर्णय रहेको उहाँले जानकारी दिनुभयो ।

प्रवक्ता गुरुङका अनुसार नागढुङ्गा सुरुङमार्गको उपभोग दस्तुर तोक्ने सरकारले निर्णय गरेको छ । “जसमा ( कार/भ्यानको काठमाडौँ आउँदा रु ६५ र जाँदा रु ६०, मिनी बस/ट्रकको काठमाडौँ आउँदा रु ११५ र जाँदा रु ८०, बस/ट्रकको काठमाडौँ आउँदा रु २६० र जाँदा रु २००, भारी उपकरणको काठमाडौँ आउँदा रु ६०० र जाँदा रु २५०) शुल्क तोकिएको छ”, उहाँले भन्नुभयो ।

सञ्चारमन्त्री गुरुङले ‘अ स्टडी टुर अन इन्टर-गर्भरमेन्टल कोअपरेसन एण्ड कम्पिटिसन इन द स्वीस फेडरल सिस्टम’ विषयक कार्यक्रममा सहभागी हुन आगामी भदौ १५ देखि २१ गतेसम्म मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको स्वीट्जरल्याण्ड भ्रमण स्वीकृत गर्ने मन्त्रिपरिषद्को निर्णय रहेको बताउनुभयो ।

आगामी असोज ६ गतेदेखि १० गतेसम्म फिलिपिन्समा आयोजना हुने ‘एसिया अर्गनाइजेसन अफ सुप्रिम अडिट इन्सच्युसन्स (एएसओएसएआइ) ब्रेकिङ अप्सकल्ड एसएआइ सर्पोट (वियुएसएस) वर्कसपमा सहभागी हुन उपमहालेखा परीक्षक बिन्दु विष्टलाई स्वीकृति दिने, दक्षिण कोरिया सरकारबाट गण्डकी प्राविधिक शिक्षालयको पूर्वाधार विकास परियोजनाका लागि प्राप्त हुने ९० लाख अमेरिकी डलर (करिब रु एक अर्ब २५ करोड नेपाली रूपियाँ) अनुदान सहायता स्वीकृत गर्ने, चालु आर्थिक वर्षका लागि मोटा धानको प्रतिक्विन्टल तीन हाजार ४६३ रुपैयाँ ८१ पैसा र मध्यम धानको प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसा न्यूनतम समर्थन मूल्य तोक्ने सरकारको निर्णय रहेको प्रवक्ता गुरुङले जानकारी दिनुभयो ।



आगामी भदौ ३१ देखि असोज २ गतेसम्म गणतन्त्र कोरियाको सिओल सहरमा आयोजना हुने ‘ग्लोबल इन्फास्टक्चर कोअपरेसन कन्फ्रेन्स २०२५’ मा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई सहभागिताका लागि स्वीकृति दिने, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको रिक्त विज्ञ सदस्यमा डा रमेशप्रसाद चौलागाइँ (भक्तपुर)लाई नियुक्त गर्ने, नेपाल सरकारको नाममा दर्ता कायम रहेको बाजुरा जिल्ला साविक बाँध गाविस-४ को सात हजार ४८५ वर्गमिटर सरकारी प्रकृतिको जग्गा प्रशासकीय भवन निर्माणका लागि हिमाली गाउँपालिका, बाजुरालाई उपयोग गर्न स्वीकृति दिने सरकारको निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम रहेको तेह्‍थुम जिल्ला साविक सहकारी तथा गरिबी म्याङलुङ गाविस-९ को ०-१४-०-२ जग्गा राष्ट्रिय अनुसन्धान निवारण मन्त्रालय जिल्ला कार्यालय तेह्‍थुमको कार्यालय भवन निर्माणका लागि प्रयोग गर्न स्वीकृति दिने, बाजुरा जिल्ला साविक बाँध गाविस वडा नं ४ को २३०५५ वर्गमिटर जग्गा धुलाचौर स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणका लागि हिमाली गाउँपालिका, बाजुरालाई प्रयोग गर्न स्वीकृति दिने निर्णय गरिएको छ ।

आगामी भदौ २४ देखि २६ गतेसम्म फिलिपिन्सको मनिलामा आयोजना हुने ‘मिनिस्ट्रियल राउण्ड टेबल, सेसन डुइरिङ द एसिया-प्यासिफिक रिजनल रोड सेफ्टी कन्फ्रेन्स’मा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात मन्त्रीलाई स्वीकृति प्रदान गर्ने, नेपाली सेनाका एकजना उपरथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने र एक जना सहायक रथीको पदावधि थप गर्ने, ‘स्कुल मिल्स् कोअलिसन’को आयोजनामा ब्राजिलको फोर्टालेजामा आगामी असोज २ देखि ३ गतेसम्म आयोजना हुने ‘सेकेण्ड ग्लोबल समिट अफ स्कुल मिल्स्’मा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद्को निर्णय रहेको उहाँले उल्लेख गर्नुभयो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (भैँसेपाटी), व्यावसायिक प्रशिक्षण केन्द्र (बुटवल) र व्यावसायिक प्रशिक्षण केन्द्र ( इटहरी)का लागि आव २०८२/८३ मा आवश्यक पर्ने अधिकृतस्तरका सात सय २५ अस्थायी दरबन्दी स्वीकृत गर्ने मन्त्रिपरिषद्का निर्णय रहेका प्रवक्ता गुरुङले जानकारी दिनुभयो । आगामी असोज ७ देखि १७ गतेसम्म क्यानडाको मन्ट्रियलमा आयोजना हुने ‘इन्टरनेसनल सिभिल एभिएसन अर्गनाइजेसन (आइसिएओ) को फोर्टी सेकेण्ड सेसन अफ द एसेम्बली’मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई स्वीकृति दिने, सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने र ‘सेवा प्रदायकमार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन, व्यवस्थापन र मर्मत सेवा खरिद गर्नेसम्बन्धी निर्देशिका-२०८२’ स्वीकृत गर्ने सरकारले निणर्य गरेको उहाँले बताउनुभयो । रासस

# विश्वविद्यालयलाई सुरक्षित र मर्यादित बनाउन सांसदको माग

दैनिक समाचारदाता

काठमाडौँ, २९ साउन । सङ्घीय संसद् प्रतिनिधि सभाको आजको बैठकमा सांसदहरुले विभिन्न समसामयिक विषयमा ध्यानाकर्षण गराएका छन् । शून्य समयमा सांसदहरुले सर्पदंश, मानव तस्करी, लम्पी स्किन, शैक्षिक गुणस्तरलगायतका विषयमा आफ्ना धारणा राखेका हुन् ।



सांसद विद्या भट्टराईले त्रिभुवन विश्वविद्यालयमा उच्च शिक्षाका विद्यार्थीबाट भएको तोडफोड गैरकानुनी र निन्दनीय रहेकाले विश्वविद्यालयलाई सुरक्षित, मर्यादित र प्राज्ञिक वातावरण बनाउन र दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने बताउनुभयो ।

सांसद मीना तामाङले काभ्रेको पाँचखाल नगरपालिका-७, ८, ९ र १० मा मानव तस्करले गरिबीको बहानामा ललाइफकाइ गर्दै अङ्ग बेच्न बाध्य बनाएको बताउँदै तस्कर नियन्त्रणमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मेटमणी चौधरीले सर्पदंश रोकथामकालागि गढवा गाउँपालिका-७ दाङ देउखुरीमा सर्पदंश उपचार केन्द्र स्थापना भएपनि दक्ष जनशक्ति र संरचनाको अभावमा सञ्चालन हुन नसकेको बताउनुभयो । उहाँले दक्ष जनशक्ति र आइसियू र भेन्टिलेटरको सुविधा माग गर्नुभयो ।

सांसद मैना कार्कीले तराईमा खाद्यान्नजस्तै धान, गहुँ, तरकारी आदिमा र पहाडमा फलफूलको अर्गानिक क्षेत्र बनाउन सकिने धारणा राख्नुभयो । सांसद योगेन्द्र मण्डलले हाँडी जातिलाई माझीको पहिचान दिन माग गर्नुभयो । सांसद रणकुमारी बलम्पाकी मगरले शैक्षिक सुधार अपरिहार्य भएकाले यसलाई गुणस्तरीय र रोजगारमुखी बनाउनुपर्ने बताउनुभयो ।

सांसद राजेन्द्रकुमार केसीले लम्पी स्किनको उपचार भनेकै खोप दिनुपर्ने भएकाले केन्द्रीय सरकारले खोपको उपलब्धता गराउनुपर्ने माग राख्नुभयो ।

सांसद रमा कोइराला पौड्यालले चालु आर्थिक वर्षमा प्रदूषण मापनका लागि आधुनिक प्रविधि प्रयोग गरिने, यातायात प्रणालीलाई वातावरणमैत्री बनाउन विद्युतीय बस थप्नेलगायतका योजनाहरुको विवरण माग गर्नुभयो ।

सांसद मेनकाकुमारी पोखरेल, सांसद रञ्जुकुमारी झा, सांसद रणेन्द्र बराली, सांसद लालप्रसाद सावा लिम्बु, सांसद मंगलप्रसाद गुप्ता, सांसद रमा कोइराला पौड्याल, सांसदरेखा शर्मा, सांसद रुपा शोशी चौधरी र सांसद रुक्मिणी राना बराइलीले आफ्ना धारणा संसद्मा राख्नुभयो ।

# ७४ जिल्लामा फैलियो डेंगु, संक्रमित संख्या २ हजार ९५२

दैनिक समाचारदाता

काठमाडौं, २९ साउन । पछिल्लो समय काठमाडौं उपत्यका र देशका धेरै जिल्लामा डेंगुको संक्रमण बढ्दै गइरहेको छ ।

सन् २०२४ को सुरु अर्थात गत पुसको मध्यदेखि हालसम्म २ हजार ९५२ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

डेंगु ७४ जिल्लामा फैलिएको छ भने गत एक हप्तामात्र १८० नयाँ संक्रमित थपिएका छन् ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) को पछिल्लो तथ्यांक अनुसार बागमती प्रदेशमा २९८, कोशीमा ४७, गण्डकीमा २७, सुदूरपश्चिममा २४, लुम्बिनीमा २२, मधेशमा १८ र कर्णालीमा ६ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य विज्ञहरूले वास्तविक संक्रमितको संख्या रिपोर्ट भएकाभन्दा धेरै हुन सक्ने बताउँछन् । ईडीसीडीले उपलब्ध तथ्यांक राष्ट्रिय प्रणालीमा रिपोर्ट भएको सरकारी तथ्यांक वास्तविक डेंगु संक्रमणको एक सानो भाग मात्र भएको हो ।

चिकित्सकका अनुसार १० हजार मानिसलाई डेंगु भयो भने १ हजारमा मात्र लक्षण देखा पर्छन् ।

बाँकी ९ हजार मानिसमा लामखुट्टेलाई संक्रमण गर्न सक्ने क्षमता हुन सक्छ ।

सुरुमा भाइरस छिरेपछि शरीरमा रोगसँग लड्ने क्षमता (एन्टिबडी) नबन्दासम्मको समयमा लामखुट्टेले टोकेमा शरीरको भाइरसले लामखुट्टेमा संक्रमण हुन्छ ।

एक पटक लामखुट्टे संक्रमित भएपछि उसका वंशजहरूमा समेत संक्रमण हुने गर्छ ।

‘डेंगुका बिरामी लक्षण नदिखिने, स्वास्थ्य संस्थामा नजाने, परीक्षणमा नहुने वा रिपोर्ट पनि हुँदैन,’ ईडीसीडीका किट जन्य रोग नियन्त्रणका प्रमुख गोकर्ण डा. दाहालले स्पष्ट पार्दै भने, ‘सरकारी तथ्यांकभन्दा दशौं गुणा डेंगुका बिरामी समुदायमा छन् भन्ने बुझिन्छ ।’

धेरै बिरामीले लक्षण विहीन अवस्थामा समुदायमा अन्य व्यक्तिलाई संक्रमण सारिरहेको अवस्था रहेको डा. दाहालले बताए ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. युवानिधि बसौलाले डेंगुका लक्षण लिएर आउने संख्या बिस्तारै बढ्दै छ ।

टेकु अस्पतालमा उपचाररत डेंगुका बिरामीहरू/फाइल तस्वीर

‘टेकुमा बिहिबार तीन जना डेंगु संक्रमित बिरामी उपचाररत छन् । उनीहरूको जनर्रल वार्डमा राखेर उपचार भइरहेको छ,’ डा. बसौलाले भने, ‘ मनसुनपछिको अवधिमा संक्रमण बढ्ने भएकाले आगामी दिनमा डेंगु संक्रमित संख्या बढ्नसक्छ ।’

एडिस एजेप्टाई र एडिस एल्बोपेक्टस नामक लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु संक्रमण नेपालमा पहिलो पटक २००४ मा चितवनमा आएका एक विदेशी नागरिकमा भेटिएको थियो ।

त्यसपछि २००६ मा तराई र भित्री मधेशका केही जिल्लामा डेंगुका बिरामी भेटिएका थिए ।

२०२० मा धरानबाट फैलिएको डेंगुबाट १८ हजार मानिस संक्रमित भए, ४३ जिल्लामा फैलिएको डेंगुले १२ जनाको मृत्यु भयो । त्यसयता हरेक वर्ष ठूलो संख्यामा संक्रमित देखिन थालेको छ ।  अब यो रोग स्थानीय रूपमा फैलिने भएकाले वर्षभरि जोखिम रहिरहेको छ ।

सन् २०२२ मा डेंगु संक्रमित ७७ वटै जिल्लामा फैलिँदा ५४ हजारभन्दा बढी संक्रमित भए । उनीहरूमध्ये ८८ जनाको मृत्यु भएको थियो ।

२०२३ मा कोशी प्रदेशमा डेंगु फैलिएको थियो । २० जना मृत्यु हुँदा ५२ हजारभन्दा बढी संक्रमित भएका थिए ।

सन् २०२४ मा १५ जनाको मृत्यु  र ४१,८६५ जना संक्रमित भएका थिए ।

विश्व परिवेश र शहरीकरण कारण डेंगुलाई पूर्णत घटाउन गाह्रो हुने विज्ञ बताउँछन् । शहरी क्षेत्रमा डेंगु फैलिनुको प्रमुख कारण अव्यवस्थित फोहोर व्यवस्थापन हो ।

ईडीसीडीले यसवर्ष सबैभन्दा खराब अवस्थामा यस वर्ष ६० हजारलाई संक्रमण हुनसक्ने अनुमान गरेको छ ।

विज्ञका अनुसार पानी जम्मा गर्न राखिएका ड्रम र बाल्टीहरू, पुराना टायर र फोहोरमैला, कौसी खेतीका गमला, खुला खाल्डाखुल्डीमा जमेको पानी स्थानहरू एडिस एजेप्टाई र एडिस एल्बोपेक्टस प्रजातिका लामखुट्टेका लागि प्रजनन् स्थल हुन् ।

विगत एक दशकमा तराईदेखि पहाडी जिल्लासम्म फैलिएको डेंगु अहिले जनस्वास्थ्यको प्रमुख चुनौती बनेको छ ।

दुई दशक अघिसम्म काठमाडौं उपत्यकामा विरलै मात्र लामखुट्टे लाग्थ्यो । पहाडी र हिमाली जिल्लामा कीराहरूबाट सर्ने ‘किटजन्य रोग’ सायदै फैलिने गरेको थियो । तर केही वर्षयता तराईका भू-भागमा मात्रै हुने भनिएका रोगहरू पहाड हुँदै हिमाली क्षेत्रसम्मै पुगिसकेका छन् ।

जनस्वास्थ्यविद्का अनुसार डेंगुको प्रकोप फैलिनुमा बढ्दो तापक्रम, जनघनत्व, अव्यवस्थित शहरीकरण, जलवायु परिवर्तन, लामो बर्खा, किटाणुमा कम तापक्रममा बाँच्न सक्ने क्षमताको विकास लगायत कारण हुन् ।

सामान्यतया १५ देखि ३५ डिग्रीको तापक्रममा लामखुट्टेको वृद्धि-विकास हुन्छ । डेंगु भाइरस फैलाउने लामखुट्टेका लागि भने १० देखि ४० डिग्रीसम्मको तापक्रम अनुकूल मानिन्छ ।

किट विज्ञहरूका अनुसार एउटा लामखुट्टेको सरदर आयु ३० देखि ४० दिनसम्म हुने भए पनि लामखुट्टेले पारेका अन्डा उपयुक्त वातावरण पाउँदा वर्षौंसम्म रहिरहन्छन् । पछि त्यही लार्भा बन्छ । लार्भा सातदेखि १० दिनसम्ममा वयस्क हुन्छ । डेंगु सार्ने लामखुट्टेले प्रायः दिउँसो मात्र टोक्छ । संक्रमित पोथी लामखुट्टेले न्यूनतम पाँच एमएलसम्म पानी जमेको र सफा पानीमा पनि फूल पार्न सक्छ ।

डेंगु नियन्त्रणका लागि सबैभन्दा प्रभावकारी उपाय ‘खोज तथा नष्ट अभियान’ नै हो । तर त्यसका लागि नागरिक स्वयं नै जिम्मेवार हुनुपर्छ ।

विज्ञका अनुसार डेंगु सार्ने लामखुट्टेले सफा पानी जमेको स्थानमा अन्डा पार्ने गर्छ । विशेषगरी वर्षाको पानी जम्ने ठाउँ, जथाभावी फालेका बोतल, टिनका भाँडा, थोत्रा टायर, अलकत्रा वा खाली ड्रम, गमला, पानी ट्यांकी आदिमा यसले अण्डा पार्छ ।

शहरी क्षेत्रमा यस्ता वस्तुहरू थुप्रै हुने भएकाले पनि शहरमा बढी लामखुट्टे देखिने गर्छन् । डेंगुको कडा दुखाइ कम गर्ने प्रभावकारी औषधि भने छैन । त्यसैले कम्तीमा पनि हप्तामा एक पटक आ-आफ्ना कार्यस्थल वरिपरि लामखुट्टेको लार्भा नष्ट गर्न समय निकाल्नुपर्ने विज्ञ बताउँछन् ।

डेंगु संक्रमित बिरामीलाई २ देखि ७ दिनसम्म ज्वरो आउने गर्छ । ज्वरो घटेका बेला २४ देखि ४८ घण्टासम्मको समय जटिल क्रिटिकल मानिन्छ । यस्तो बेलामा कतिपय व्यक्तिको शरीरबाट रक्तस्राव हुने र केहीमा रक्तचाप घट्ने सम्भावना उच्च हुन्छ ।

संक्रमित व्यक्तिलाई श्वास-प्रश्वासमा कठिनाइ भएमा, पेट दुख्ने, गिजाबाट रगत बगे जस्तो हुने, कालो दिसा आउने, थकान महसुस हुने, वान्ता हुँदा रगत देखिने, बिरामी बेहोस हुने, नाकबाट रगत आउने लगायत लक्षण देखिएमा डेंगु संक्रमण जटिल भयो भनेर बुझ्नुपर्ने र तुरुन्तै अस्पताल जानुपर्छ ।

# काठमाडौं तराई / मधेस दूतमार्ग आयोजना : ४३ प्रतिशत काम सम्पन्न

काठमाडौँ, २९ साउन । रक्षामन्त्री मानवीर राईले स्थानीयवासीको भावनाअनुसार काठमाडौँ तराई/मधेस दूतमार्ग आयोजनाअन्तर्गत खोकना क्षेत्रको जग्गा प्राप्तिमा प्रक्रियाअघि बढाइने स्पष्ट पार्नुभएको छ । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आजको बैठकमा उहाँले दूतमार्ग अन्तर्गत उपत्यकाबाहिर जग्गा अधिग्रहण सम्पन्न भइसकेकाले खोकना क्षेत्रमा पनि सहमति गरेरै अघि बढ्ने योजना रहेको सुनाउनुभयो ।

“जनताको आवाज सुन्नुपर्छ भन्नेमा सरकार र नेपाली सेना स्पष्ट छ, केही सहमति गरेर टुङ्ग्याउन पाए हुन्थ्यो भन्ने छ”, मन्त्री राईले भन्नुभयो, “छलफबाटै समाधान निकालौँ भनेर सरकार बसिरहेको छ, तर खोकनाको जग्गा सम्बन्धमा अझै केही अफवाह फैलाइएको छ, त्यस्तो होइन ।” काठमाडौँ उपत्यकाबाहेक निजगढसम्म जग्गा प्राप्ति भइसकेको जानकारी दिँदै उहाँले खोकना क्षेत्रमा करिब ३७ प्रतिशत जग्गा अधिग्रहण गर्नुपर्ने बताउनुभयो । “खोकना क्षेत्रमा जग्गा प्राप्तिका लागि आन्तरिक छलफल गरिएको छ”, उहाँले भन्नुभयो ।



निर्धारित समयमै दूतमार्ग आयोजना सम्पन्न गर्ने उद्देश्यका साथ काम अघि बढिरहेको स्पष्ट पार्दै मन्त्री राईले भन्नुभयो, “निर्धारित मिति नआइकन आयोजना सम्पन्न हुँदैन भन्न त नमिल्ला, तर सो समयमा सक्न निकै कठिन छ, तर मेलम्ची आयोजना जति चै लम्बिँदैन ।”

खाँदबारी-किमाथाङ्का सडकको ट्र्याक खोल्नेकार्य सम्पन्न भएको जानकारी दिँदै उहाँले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा सो सडक चिनियाँ सहयोगमा कालोपत्रे गर्ने बारेमा छलफल हुने बताउनुभयो । हुम्लाको सिमकोट राष्ट्रिय सडक सञ्जालमा जोडिएको उल्लेख गर्दै उहाँले सेनाको जिम्मेवारीमा रहेका आयोजनाको प्रगति गर्व गर्न लायक रहेको स्पष्ट पार्नुभयो ।

प्रधान सेनापति अशोकराज सिग्देलले निर्धारित समयभित्रै दूतमार्ग आयोजना सम्पन्न गर्न सेना प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । “अहिले करिब ४३ प्रतिशत काम सम्पन्न भइसकेको छ, अब हुने काम छिटो सकिने खालका छन्”, उहाँले भन्नुभयो, “धेरै काम वातावरणीय प्रभाव मूल्याङ्कन र बोलप आह्वानमा खर्च भएको छ, आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान भए परियोजना निर्धारित समयमै सम्पन्न हुन्छ ।”

प्रधान सेनापति सिग्देलले दूतमार्गको काठमाडौँतर्फको प्रवेश विन्दुका रुपमा रहेका खोकना क्षेत्रको सांस्कृतिक पक्षलाई जोगाएर आयोजना अघि बढाउने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको स्पष्ट पार्नुभयो । “यदि खोकना प्रवेश विन्दुमा आउन नसकेको अवस्थामा पनि बिकल्प तयार गरिएको छ”, उहाँले भन्नुभयो, “प्रवेश बिन्दुमा सवारी साधन कसरी प्रवेश गर्ने र निस्कने भन्ने उपाय खोजिएको छ ।”

सांसदहरुले रणनीतिक महत्वको दूतमार्ग आयोजना निर्धारित समयभित्रै सम्पन्न गर्नुपर्ने, आयोजना निर्माणमा देखिएको समस्या समाधान गर्न सरकाले पहल गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# ११ घर बगायो, ७ घरमा क्षति

बाजुरा २९ साउन । बुधबार रातिको बाढीले बाजुराको हिमाली गाउँपालिका-१ विच्छ्यामा ११ घर बगाएको छ ।

विच्छ्या खोलामा बुधबार राति आएको बाढीले गाउँपालिकाको १,३ र ५ वडामा बढी क्षति गरेको हो । बाढीले ११ घर बगाएको, सात घरमा क्षति र १७ घर जोखिममा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक देवबहादुर चौधरीले जानकारी दिए ।





उनकाअनुसार कवाडी प्रहरी चौकीको टोली बाढी प्रभावित क्षेत्रमा गएर तथ्याङ्क सङ्कलन गरेको हो । बाढीले सोही गाउँपालिका-१ का नरेन्द्रबहादुर बुढा, छञ्चलाल थापा, धनसिंह थापा, सब्बले थापा, लालबहादुर थापा, सुजलाल थापा, गोवतल थापाको घर, पसल र खेतबारीमा क्षति पुगेको छ ।

सोही गाउँपालिका-५ का नवराज बुढा, देवीलाल चदारा, विरवल चदारा, अजय चदारा, हिउँसरा ल्वार, अङ्गविर चदाराको घर बगाएको प्रहरी निरीक्षक चौधरीले जानकारी दिए । त्यसैगरी बलबहादुर चदारा, मुगा लुहार, देबीलाल बुढथापा, वीरभान लुहार र डवल लुहारको घर बगाएर लगेका प्रहरी निरीक्षक चौधरीको भनाइ छ ।

बाढीका कारण हिमाली गाउँपालिका-१ का विच्छ्याका सुजलाल थापा, धनसिंह थापा, जबैलाल थापा, धनबहादुर थापा, चन्द्रापति थापा, धर्मलाल थापा, बलचन्द्र थापाको घर जोखिममा छन् । स्थानीय उने थापा, लालसिंह बोहरा, डिलबहादुर थापा, हरिलाल थापा, भउरलाल थापा, चन्द्रवान थापा, रत्नपति थापा, गोबनल थापा, धर्मजीत थापा र लक्ष्मण थापाको घर पनि बाढीका कारण उच्च जोखिममा छन् ।

बाढीले सरकारी कार्यालय, विद्यालय र सार्वजनिक संरचनासमेतमा क्षति पुगेको छ । १ नम्बर वडा कार्यालय, विच्छ्या मावि, स्वास्थ्य चौकी, स्थानीय विद्युत लाइन् झोलुङ्गे पुल, नेटा र देउसैनको पानी घट्टसमेत जोखिममा छन् ।

बाढीले पु-याएको क्षतिको अवस्था अनुगमन गर्न गाउँपालिका अध्यक्ष गोविन्द्रबहादुर मल्ल नेतृत्वको टोली बाढी प्रभावित क्षेत्रमा पुगेको छ । अध्यक्ष मल्लको टोलीले तीन वटै वडामा बाढीले पुर्याएको क्षतिको अवस्था र प्रभावितको अवस्था बुझ्न विच्छ्या गएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापाले बताए ।

बाढी प्रभावितलाई राहत र पुनःस्थापनाका लागि कार्यपालिका बैठक बसेर निर्णय गर्ने अध्यक्ष मल्लले बताए । रासस

# संविधानले दोहोरो नागरिकताको परिकल्पना गरेको छैन : गृहमन्त्री लेखक

दैनिक समाचारदाता

काठमाडौँ, २९ साउन । गृहमन्त्री रमेश लेखकले नेपालको संविधानले दोहोरो नागरिकताको परिकल्पना नगरेको स्पष्ट पारेका छन् ।

विधायन व्यवस्थापन समितिको बिहीबारको बैठकमा बोल्दै उनले गोरखा भर्तीका सन्तानले नेपालको नागरिकता पनि वंशजको आधारमा पाउनुपर्ने भन्दै माग गरेका छन् ।

तर, सरकारले भने दुई देशको नागरिकता दिन नसकिने बताउँदै आएको छ ।

गृहमन्त्री लेखकले कुनै नेपाली नागरिक विदेशको नागरिकता प्राप्त गरेको छ भने नेपालको नागरिकता स्वतः समाप्त हुने बताए ।

‘यदी अर्को देशको नागरिकता नेपालीले लिन्छ भने नेपालको नागरिकता समाप्त हुन्छ,’ लेखकले बैठकमा भने, ‘पुनः लिन चाहन्छ भने अर्को देशको नागरिकता छोड्नुपर्छ । नेपालले दोहोरो नागरिकताको परिकल्पना नगरेको अवस्था विद्यमान छ ।’

विदेशको नागरिकता लिइसकेको अवस्थामा नेपालको नागरिक बन्न चाहेको खण्डमा उक्त देशको सम्पूर्ण डकुमेन्ट छाड्नपर्ने उनले बताए ।



‘यदी नेपालको नागरिकले विदेशको नागरिकता लिइसकेको छ र पुनः नेपालको नागरिकता लिन चाहन्छ भने जुन देशको नागरिकता लिएको छ, त्यो देशको नागरिकता छोडेर छोडेको डकुमेन्ट ल्याएर नेपालमा दर्ता गऱ्यो भने त्यसै दिनदेखि नेपालको नागरिकता कायम हुन्छ,’ गृहमन्त्री लेखकले भने ।

दुवै देशको नागरिकता राख्न दिने हो भने संविधान संशोधन गर्दा पहल गर्नुपर्ने गृहमन्त्री लेखकले बताए ।

‘जुन दिनदेखि छाडेर गएको थियो, त्यही नागरिकता प्राप्त गर्छ भनेर भनेको छ । दोहोरो नागरिकता हुँदैन,’ उनले भने ।

बिहीबार नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ माथि दफावार छलफल भएको हो । छलफलमा उनले आमाले घोषणा गरेर मेरो सन्तान हो भनेको खण्डमा नागरिकता दिनुपर्ने प्रावधान राख्नुपर्ने विधेयकको उद्देश्य रहेको पनि बताए ।

‘आमाको नामबाट सरल रुपले नागरिकता पाओस् भन्ने मेरो उद्देश्य हो । यो विधेयकको उद्देश्य हो । आमाले घोषणा गरेर मेरो बालक हो भन्यो भने नागरिकता दिनुपर्छ,’ उनले भने, ‘आमाको नागरिकता हो भनेर जाँच्दा हुन्छ । आमाको नागरिकता ठिक छ, आमाले मेरो सन्तान हो भन्यो भने दिनुपर्छ । यसमा स्वघोषणा राखेर जाऔँ । बरु अरु केही कुरा राख्नुपर्छ की हामीले अनुमान नगरेको, प्रतिनिधि सभाबाट अनुमान हुन नसकेको अवस्था पनि हुनसक्छ ।’

गृहमन्त्री लेखकले आमाको नामबाट नागरिकता दिन प्रतिनिधि सभाबाट अनुमान हुन नसकेको कुराहरू भए राख्न पनि सांसदहरूसँग माग गरे ।

# जसपा र....

नेपालका अध्यक्ष राजेन्द्र महतोले एकता घोषणा गरे ।

उनीहरूले कार्यगत एकताको घोषणामा हस्ताक्षर पनि गरेका छन् ।

राई उपेन्द्र यादव नेतृत्वको जसपाबाट अलग भएका थिए । त्यस्तै, महतो लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट अलग भएका थिए ।

# पोखरीमा डुबेर बालकको मृत्यु

कपिलवस्तु २९ साउन । कपिलवस्तुको कृष्णनगर नगरपालिका-७ सुखरामपुरमा पोखरीमा पौडी खेल्ने क्रममा स्थानीय दुई युवाको डुबेर मृत्यु भएको छ।

मृत्यु हुनेहरूमा स्थानीय रञ्जित बढइका छोरा १२ वर्षीय आकाश बढई तथा राजेन्द्र रैदासको छोरा ११ वर्षीय छोरा अम्बर रैदास रहेका इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक ईश्वर लौडारीले बताए। गाउँ नजिकै रहेको सार्वजनिक पोखरीमा करिब सवा २ बजे पौडी खेल्ने क्रममा दुवै बालकको मृत्यु भएको प्रहरीले जनाएको छ। पोखरीमा डुबेर तैरिरहेको अवस्थामा गाउँलेले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। खबर पाए लगत्तै प्रहरी चौकी भिल्मी र इलाका प्रहरी कार्यालय कृष्णनगरबाट पुगेको प्रहरी टोलीले स्थानीयको सहयोगमा पोखरीबाट शव निकालेका थिए। शवको बहादुगन्जस्थित शिवराज अस्पतालमा पोस्टमार्टम गरी मृतकका परिवारजनलाई बुझाएको प्रहरी निरीक्षक लौडारीले बताए।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४